# मण्डनदेउपुर नगरपालिका

**स्थानीय राजपत्र**

**खण्ड- ७ मण्डनदेउपुर, असार ०२ गते, २०८१ साल संख्याः ५**

## भाग-१

## स्थानीय शिक्षक सेवा आयोग सञ्चालन तथा व्यवस्थापन ऐन -२०८०

*नगर सभाबाट पारित मितिः २०८०।०३।१५*
*प्रमाणित गरेको मितिः २०८०।०३।१५*

**प्रस्तावनाः**

मण्डनदेउपुर नगरपालिका स्थानीय शिक्षा ऐन २०७४ (संशोधन सहित) को दफा २४ र मण्डनदेउपुर शिक्षा नियमावली २०७४ (संशोधन सहित) मा भएको व्यवस्थाबमोजिम विद्यालयमा कायम भएको रिक्त दरबन्दीका शिक्षक,कर्मचारी करार र प्रअको पदमा नियुक्तिको लागि सिफारिस गर्न गठित स्थानीय शिक्षक सेवा आयोगको कामलाई थप व्यवस्थित गर्न र विद्यालयको करार शिक्षक तथा कर्मचारी छनोट प्रक्रियालाई निष्पक्ष बनाउन **स्थानीय शिक्षक सेवा आयोग सञ्चालन तथा व्यवस्थापन ऐन-२०८०** जारी गरिएको छ।

## परिच्छेदः एक

**१.सङ्क्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम मण्डनदेउपुर नगरपालिका स्थानीय शिक्षक सेवा आयोग सञ्चालन तथा व्यवस्थापन ऐन-२०८० रहेको छ र यो ऐन मण्डनदेउपुर नगर सभाबाट पारित भई प्रमाणीकरण गरेको मितिदेखि लागू हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "विद्यालय" भन्नाले मण्डनदेउपुर नगरपालिकाको कक्षा १ देखि १२ सम्मको शैक्षिक संरचनालाई बुझ्नु पर्दछ।

(२) "नगरपालिका" भन्नाले मण्डनदेउपुर नगरपालिका बुझ्नु पर्दछ।

(३) "परीक्षा" भन्नाले मण्डनदेउपुर नगरपालिका स्थानीय शिक्षक सेवा आयोगद्वारा लिइने करार शिक्षक, विद्यालय कर्मचारी र प्रधानाध्यापकको छनोट र सिफारिसका लागि वस्तुगत, विषयगत र अन्तर्वार्ता परीक्षालाई बुझ्नु पर्दछ।

(४) आयोग" भन्नाले माण्डनदेउपुर नगरपालिका स्थानीय शिक्षक सेवा आयोगलाई बुझ्नु पर्दछ।

(५) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले मण्डनदेउपुर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा बुझ्नुपर्नेछ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मण्डनदेउपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत बुझ्नु पर्नेछ।

(७) "शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख" भन्नाले मण्डनदेउपुर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख वा प्रमुखको काम गर्ने अधिकृत बुझ्नुपर्नेछ।

(८) "अध्यक्ष" भन्नाले मण्डनदेपुर नगरपालिका स्थानीय शिक्षक सेवा आयोगको अध्यक्ष भन्ने बुझ्नुपर्नेछ।

(९) "सदस्य" भन्नाले मण्डनदेपुर नगरपालिका स्थानीय शिक्षक सेवा आयोगको सदस्य भन्ने बुझ्नुपर्नेछ।

(१०) "सचिव" भन्नाले मण्डनदेपुर नगरपालिका स्थानीय शिक्षक सेवा आयोगको सचिवको काम गर्ने शिक्षा शाखा प्रमुख वा शाखा प्रमुखको काम गर्ने कर्मचारी भन्ने बुझ्नु पर्नेछ।

(११) "विषय विज्ञ" भन्नाले मण्डनदेपुर नगरपालिका स्थानीय शिक्षक सेवा आयोगले लिने

परीक्षा तथा अन्तर्वार्ता सञ्चालन गर्ने प्रयोजनको लागि खटाइने विषय विज्ञ भन्ने बुझ्नुपर्नेछ।

(१२) "शिक्षा ऐन" भन्नाले मण्डनदेउपुर नगरपालिका स्थानीय शिक्षा ऐन २०७४ (संशोधनसहित) भन्ने बुझ्नुपर्नेछ।

(१३) "शिक्षा नियमावली" भन्नाले मण्डनदेपुर शिक्षा नियमावली २०७४ (संशोधन सहित) भन्ने बुझ्नुपर्नेछ।

(१४) "सङ्घीय शिक्षक सेवा आयोग" भन्नाले नेपाल सरकारबाट गठन गरिएको सङ्घीय तहको शिक्षक सेवा आयोग भन्ने बुझ्नु पर्नेछ।

## परिच्छेदः दुई

## स्थानीय शिक्षक सेवा आयोगको बैठक, काम, कर्तव्य र अधिकार

**३. आयोगको बैठक सम्बन्धी व्यवस्था:** (१) आयोगको बैठक आवश्यकताअनुसार बस्नेछ।

(२) आयोगको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफ्नाहरूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) आयोगको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(६) बैठकमा आयोगले आवश्यक ठानेमा अन्य विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ। तर आमन्त्रित सदस्यको मताधिकार रहने छैन।

(७) आयोगको बैठकको निर्णय सचिवद्वारा प्रमाणित गरी कार्यान्वयन गरिनेछ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

**४. आयोगको काम, कर्तव्य र अधिकारः**

मण्डनदेउपुर शिक्षा नियमावली,२०७४ को नियम ५४ मा उल्लेख भएको अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयको करार शिक्षक तथा कर्मचारीको छनोट परीक्षा सञ्चालन गर्न आवश्यक पर्ने विषयगत विज्ञको सूची तयार गर्ने,

(ख) विज्ञबाट वस्तुगत तथा विषयगत प्रश्न निर्माण गराइ प्रश्न बैंक तयार गर्ने र प्रश्न बैंकबाट प्रश्न छनोट गरी अन्तिम प्रश्नपत्र तयार गर्ने गराउने,

(ग) मर्यादित, सुरक्षित र व्यवस्थित ढङ्गले परीक्षा सञ्चालन गर्ने गराउने,

(घ) परीक्षा पश्चात उत्तरपुस्तिकाको कोडिङ गरी विज्ञबाट निष्पक्ष रुपमा परीक्षण गराउने

(ङ) उत्तर पुस्तिका डिकोडिङ गरी परीक्षाको नतिजा प्रकाशन गर्ने गराउने,

(ङ) अन्तर्वार्ता सञ्चालन गर्ने गराउने,

(च) परीक्षाको अन्तिम नतिजा प्रकाशन गरी करार नियुक्तिको लागि विद्यालयमा सिफारिस गर्ने

(छ) उजुरी परेको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको ६ महिनापछि परीक्षासम्बन्धी कागजात धुल्याउने,

(ट) परीक्षासम्बन्धी अन्य कार्य गर्ने ।

**५. अधिकार प्रत्यायोजनः**

शिक्षक सेवा आयोगको काम, कर्तव्य र अधिकारमध्ये आयोगले तोके बमोजिमको अधिकार आयोगका सचिव र शिक्षा, युवा तथा खेलकुद शाखालाई आवश्यकताअनुसार प्रत्यायोजन गर्न सक्नेछ ।

**६ आयोगको सचिवालयः**

आयोगको सचिवालय मण्डनदेउपुर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

## परिच्छेद तीन

## रिक्त दरबन्दीको विवरण तयारी र विज्ञापन

### ७. रिक्त दरबन्दीको विवरण तयारः

मण्डनदेउपुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामार्फत नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा रिक्त रहेका साधरण स्वीकृत, राहत, सङ्घीय अनुदान, प्रदेश अनुदान, नगर अनुदान, बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी लगायत सबै प्रकारका शिक्षक तथा कर्मचारीको विवरण सङ्कलन गरिनेछ।

### ८. खुला र समावेशी सिट निर्धारणः

रिक्त दरबन्दी मध्येबाट सङ्घीय शिक्षक सेवा आयोगको मापदण्डको आधारमा खुला र समावेशी सिट निर्धारण गरिनेछ। तर मधेसी, मुसलमान, पिछाडिएको क्षेत्रको कोटा भने खुला तर्फको कोटामा समावेश गरिनेछ।

### ९. विज्ञापन प्रकाशन

(१) आयोगले सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको रिक्त दरबन्दीको आधारमा विज्ञापन र परीक्षासम्बन्धी कार्यतालिका बनाई कार्यान्वयन गर्नेछ।

(२) शिक्षक तथा कर्मचारीहरूको खुला र समावेशी सिट सङ्ख्या खुलाई तहगत तथा विषयगत रुपमा साधरण, राहत अनुदान, सङ्घीय अनुदान, प्रदेश अनुदान, नगर अनुदान प्रत्येकको छुट्टाछुट्टै नगरपालिकाको वेबसाइट, सूचनापाटी र पत्रिकामा अनुसूची –१ को ढाँचामा १५ दिनको सूचना प्रकाशन गरिनेछ। १५ दिन मध्ये सङ्घीय शिक्षक सेवा आयोगको करार सूचिमा भएकाको लागि पहिलो ७ दिन र बाँकी दिन अन्य उम्मेद्वारको लागि दरखास्त आव्हान गरिनेछ। करार सूचीका बाहेकका उम्मेदवारसँग दोब्बर दस्तुर लिई थप तीन दिन समय उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालय कर्मचारीको हकमा विज्ञापन गरी परीक्षा सञ्चालन गर्न आयोगले अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

**१०. दरखस्त फारम दर्ता:**

अनुसूची -२ अनुसारको दरखास्त फारम भराई शैक्षिक योग्यता, शिक्षण अनुमति पत्र, नेपाली नागरिकताको प्रमाणपत्र र अन्य आवश्यक कागजातसहित दर्ता गर्नुपर्नेछ। दरखास्त नगरपालिका कार्यालयको इमेलमार्फत समेत लिन सकिने व्यवस्था गर्न सक्नेछ।

**११.उम्मेदवारको लागि अयोग्यता:**

देहायका व्यक्तिहरू विद्यालय शिक्षक तथा कर्मचारी पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन्ः–

(क) गैरनेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) ४० वर्ष उमेर पूरा भएको,

(घ) मगज बिग्रेको,

(ङ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(च) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(छ) अध्यापन अनुमतिपत्र नलिएको,

तर पहिलो विज्ञापनमा अध्यापन अनुमति पत्र प्राप्त कुनैपनि उम्मेद्वारले दरखास्त नदिएमा दोस्रो पटक सात दिनको म्याद राखी विज्ञापन गरिनेछ र उक्त विज्ञापनमा अध्यापन अनुमतिपत्रलाई अनिवार्य गरिने छैन। सङ्घीय शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्र जारी नगरेको तहमा पनि अध्यापन अनुमति पत्र अनिवार्य गरिने छैन।

**१२. परीक्षा शुल्क:**

उममेद्वारले अनुसूची-३ मा उल्लेख भएअनुसारको परीक्षा शुल्क नगरपालिकाको राजस्व खातामा जम्मा गरी सो को एकप्रति भौचरसहित दरखास्त साथ पेस गर्नुपर्नेछ।

**१३. दरखास्तको छानबिन प्रवेशपत्र आदिसम्बन्धी व्यवस्था**

(१) दर्ता भएका दरखास्त छानविन गर्दा रीत पुगेको देखिएमा आयोगले सम्बन्धित उम्मेदवारलाई प्रवेशपत्र दिनुपर्नेछ।

(२) आयोगले सामान्यतया कुनै पनि दरखास्त शर्त राखी स्वीकृत गर्ने छैन।

(३) यस ऐन बमोजिम विज्ञापन वा परीक्षा रद्ध गरिएमा वा उम्मेदवारको दरखास्त अस्वीकृत भएमा उम्मेदवारले बुझाएको परीक्षा दस्तुर फिर्ता हुनेछ।

तर उम्मेद्वारको कारण दरखास्त रद्द भएमा परीक्षा दस्तुर फिर्ता हुने छैन।

**१४. स्वीकृत नामावलीको सूची टाँस गर्नुपर्ने:** आयोगले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारहरुको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नुपर्नेछ।

**१५. परीक्षाको पूर्णाड्ढ र उत्तीर्णाङ्क:** (१) आयोगबाट लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क देहायबमोजिम हुनेछ–

(क) लिखित परीक्षा

(१) सामान्य परीक्षा – १०० अङ्क,

(२) विषयगत परीक्षा – १०० अङ्क,

(ख) प्रयोगात्मक परीक्षा – २५ अङ्क,

(ग) अन्तर्वार्ता – २५ अङ्क।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको सामान्य परीक्षाको उत्तीर्णाड्ढ पचास अङ्क, विषयगत परीक्षाको उत्तीर्णाङ्क चालीस अङ्क र खण्ड (ख) बमोजिमको परीक्षाको उत्तीर्णाड्ढ दश अङ्क हुनेछ।

(३) उपदफा (१) को खण्ड (क) को उपखण्ड (ज्ञ) बमोजिमको सामान्य परीक्षामा उत्तीर्ण हुने उम्मेदवार मात्र सोही खण्डको उपखण्ड (२) बमोजिमको विषयगत परीक्षामा सहभागी हुन पाउनेछ।

(४) आयोगले उपदफा (१) को खण्ड (क)बमोजिमको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सामान्य परीक्षामा प्राप्त अङ्कको पचास प्रतिशत र विषयगत परीक्षामा प्राप्त अङ्क जोडी हुने कुल प्राप्ताड्ढको आधारमा गर्नेछ।

(५) उपदफा (१) को खण्ड (क) को उपखण्ड (१) बमोजिमको सामान्य परीक्षाको किसिम वस्तुगत हुनेछ।

**१६. प्रयोगात्मक परीक्षा** (१) विषयको प्रकृति हेरी आवश्यक ठानेमा आयोगले प्रयोगात्मक परीक्षा लिन सक्नेछ।

(२) प्रयोगात्मक परीक्षा लिँदा आयोगले सम्बन्धित उम्मेदवारलाई त्यस्तो परीक्षाको लागि विद्यालयमा पठाउन सक्नेछ।त्यसरी प्रयोगात्मक परीक्षा लिँदा आयोगले सम्बन्धित विषयको विशेषज्ञको समेत सहयोग लिन सक्नेछ।

## परिच्छेद-चार

## विज्ञसूची निर्माण तथा प्रश्नपत्र तयारी

**१७. विज्ञ सूची निर्माणः** (१)शिक्षक तथा कर्मचारी छनोट प्रयोजनको लागि आवश्यक पर्ने तहगत र विषयगत विज्ञको सूची तयारीको लागि १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ। दरखस्तको छानबिन गरी विषयगत र तहगत रुपमा विज्ञको सूची तयार गर्नुपर्नेछ।

(२) उक्त सूचीलाई समय समयमा अध्यावधिक गर्नुपर्नेछ।

(३) आयोगले विज्ञहरूको सूची तयार नपारेसम्म नगरपालिकाले तयार गरेको विज्ञसूची उपयोग गर्न सक्नेछ।

**१८. प्रश्न बैङ्क तथा अन्तिम प्रशनपत्र तयारः** (१) विज्ञ सूचीभित्र रहेका विषय विज्ञहरुबाट सङ्घीय शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमअनुसारको तहगत रुपमा सामान्य परीक्षा र विषयगत परीक्षाको छुट्टाछुट्टै प्रश्न बैङ्क निर्माण गर्नुपर्नेछ।

(२) सङ्घीय शिक्षक सेवा आयोगको पाठ्यक्रम नभएको हकमा आयोग आफैँले पाठ्यक्रम तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ।

(३) परीक्षा सञ्चालन गर्नुअघि उक्त प्रश्न बैङ्कबाट गोप्य रुपमा अन्तिम प्रश्नपत्र सेट तयार गर्नुपर्नेछ।

(४) प्रश्नपत्रसँगै उत्तरकुञ्जिका समेत निर्माण गरी प्रश्नपत्र र उत्तरकुञ्जिका अलगअलग सिलबन्दी गर्नुपर्नेछ।

## परिच्छेद- पाँच

## परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन

**१९. परीक्षा हुने मिति, समय र केन्द्र निर्धारणः** दरखास्त दर्ता गर्ने उम्मेद्वार सङ्ख्याको आधारमा मर्यादित र व्यवस्थित तरिकाले परीक्षा सञ्चालन हुने गरी आयोगले परीक्षा मिति, समय र केन्द्र तोक्नेछ।

**२०.केन्द्रध्याक्ष र अन्य कर्मचारी खटाउनेः** परीक्षा मर्यादित रुपमा सञ्चालन गर्न प्रत्येक परीक्षा केन्द्रमा कम्तीमा अधिकृतस्तरको कर्मचारी एकजना केन्द्रध्यक्षको रुपमा खटाइने छ।आवश्यकताको आधारमा निरीक्षक र अन्य कर्मचारी खटाइनेछ।केन्द्राध्यक्ष, निरीक्षक र अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार आयोगले तोके बमोजिम हुनेछ।

**२१. परीक्षा सञ्चालनः** पहिलो पत्रको रुपमा रहेको वस्तुगत प्रश्नको परीक्षा सञ्चालन गरी उक्त परीक्षाको नतिजा प्रकाशन गरिनेछ। उक्त परीक्षामा कम्तिमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेद्वारलाई मात्र विषयगत परीक्षामा सहभागी गराइनेछ।

**२२. उत्तर पुस्तिका कोडिङ तथा डिकोडिङः** परीक्षा केन्द्रबाट प्राप्त उत्तर पुस्तिका आयोगको पदधिकारी वा आयोगले तोकेको कर्मचारीबाट गोप्य रुपमा कोडिङ गरिनेछ। उत्तर पुस्तिका परीक्षण पश्चात डिकोडिङ गरी गरिनेछ।

**२३. उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षणः** आयोगको विज्ञ सूचीमा रहेका विषय विज्ञबाट गोप्य रुपमा आयोगले तोकेको परीक्षण केन्द्रमा वस्तुगत र विषयगत उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण गरिनेछ।

**२४.सफल उम्मेदवारको सूची प्रकाशनः** (१) लिखित(सामान्य र विषयगत) र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरूमध्येबाट देहायको अनुपातमा उत्तीर्ण उम्मेदवारहरू थप गरी अन्तर्वार्ताको लागि उम्मेदवारको नाम नेपाली वर्णानुक्रमअनुसार प्रकाशन गरिनेछः–

| रिक्त पद सङ्ख्या | थप हुने सङ्ख्या |
|---|---|
| १ देखि ५ | २ |
| ६ देखि १० | ३ |
| ११ देखि १५ | ४ |
| १६ देखि २० | ५ |

२० भन्दा माथि २० प्रतिशत तर अन्तिम क्रमसङ्ख्यामा एक जना भन्दा बढी उम्मेदवारले बराबर अङ्क प्राप्त गरेमा त्यस्तो सबै उम्मेदवारको नाम प्रकाशन गरिनेछ।

(२) दफा १५ बमोजिम उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवार आवश्यक सङ्ख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्ढ प्राप्त गरेका छन्, त्यति उम्मेदवारको नाम प्रकाशन गरिनेछ।

(३) आयोगले लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा समानस्तरका विभिन्न पदका लागि एउटै समयमा भएको भिन्दाभिन्दै शिक्षक पदको नतिजा प्रकाशित नामावलीमा परेकोमध्ये जति जना उम्मेदवारको नाम अर्को पदको नतिजा प्रकाशनमा परेको छ, त्यतिकै सङ्ख्यामा थप उम्मेदवारको नाम समावेश गरी नतिजा प्रकाशन गर्नुपर्नेछ।

(४) आयोगले लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा कुनै उम्मेदवार समान श्रेणीको वा सोभन्दा माथिल्लो श्रेणी वा पदमा पहिले नै सिफारिस भइसकेको भए लिखित परीक्षाको नतिजाबाट त्यस्तो उम्मेदवारको नाम हटाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम नाम प्रकाशन गर्दा अन्तर्वार्ता हुने मिति, समय र स्थान समेत खुलाउनु पर्नेछ।

**२५. अन्तर्वार्तासम्बन्धी व्यवस्थाः**(१) दफा २४ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तर्वार्ता लिनको लागि आयोगले सम्बन्धित विषयको विशेषज्ञसहित रहेको कम्तीमा तीन सदस्यीय अन्तर्वार्ता समिति गठन गर्नेछ।

(२) अन्तर्वार्ता समितिले अनुसूची –४ बमोजिमको फाराम प्रयोग गरी आयोगले तोकेको परिधिभित्र रही उम्मेद्वारको अन्तर्वार्ता सञ्चालन गर्नेछ।

**२६. अन्तर्वार्ताको अङ्कः** अन्तर्वार्ताको लागि छुट्याइएको पच्चीस अङ्क देहायबमोजिम दिइनेछः

(क) अनुभवबापत सोही तहको शिक्षकको रुपमा काम गरेबापत प्रत्येक वर्षको शून्य दशमलव पाँच अङ्कका दरले बढीमा पाँच अङ्क,

(ख) शैक्षिक योग्यता बापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए तीन र द्वितीय श्रेणी भए दुई अङ्क र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई र द्वितीय श्रेणी भए एक अङ्क,

(ग) अन्तर्वार्ता बापत बढीमा पन्ध्र अङ्क, तर अन्तर्वार्ताको अङ्क दिँदा कुनै उम्मेदवारलाई ७० प्रतिशतभन्दा बढी र ३५ प्रतिशतभन्दा कम दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

**२७. योग्यताक्रम प्रकाशित गर्ने** (१) आयोगले लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अन्तर्वार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम योग्यताक्रम अनुसार प्रकाशित गर्नुपर्नेछ। त्यसरी प्रकाशित गर्दा उपलब्ध भएसम्म रिक्त पद सङ्ख्याको दश प्रतिशतले हुने सङ्ख्यामा उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नुपर्नेछ।

(२) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ।

**२७. विद्यालयमा सिफारिश गर्नेः** दफा २७ अनुसार प्रकाशित अन्तिम नतिजामा रहेका उम्मेद्वारहरूमध्ये योग्यताक्रममको आधारमा प्राथमिकताक्रम निर्धारण गरी दरबन्दी रिक्त रहेको विद्यालयमा करार नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ।

**२८. वैकल्पिक उम्मेदवारलाई सिफारिश गर्न सक्ने** (१) आयोगले देहायका अवस्थामा वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई योग्यता क्रमानुसार सिफारिस गर्न सक्नेछः

(क) सिफारिस गरिएको उम्मेदवारले सम्बन्धित विद्यालयमा सात दिनभित्र नियुक्ति नलिएमा,

(ख) सिफारिस गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजीनामा दिई वा माथिल्लो तहको पदमा नियुक्ति लिएको कारण रिक्त हुन आएमा,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले सिफारिस गरेको एक वर्ष नाघेपछि कुनै पनि वैकल्पिक उम्मेदवारलाई सिफारिस गरिने छैन।

**२९. दरखास्त रद्ध वा सिफारिस बदर हुन सक्ने**: (१) कुनै उम्मेदवारले झुट्टा विवरण दिएको प्रमाणित भएमा वा परीक्षाको मर्यादा भङ्ग गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त रद्ध गर्न सक्नेछ।

(२) आयोगबाट नियुक्तिको लागि सिफारिस भएको कुनै उम्मेदवारले नियुक्ति लिन नपाउँदै वा नियुक्ति भइसकेपछि पनि निज सिफारिस हुन नसक्ने कुनै प्रमाणित कारण उपलब्ध भएमा आयोगले त्यस्तो उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ।

**३०. पुनर्योग सम्बन्धी व्यवस्था**: आयोगले प्रकाशन गरेको सबै प्रकारको नतिजामा चित्त उम्मेदेवारले नतिजा प्रकाशन भएको मितिले तीन दिनभित्र तोकिएको शुल्कसहित आयोगमा पुनर्योगका लागि आवेदन दिन सक्नेछ। आयोगले पुनर्योग समिति गठन गरी निवेदन पेस गर्न तोकिएको अन्तिम मिति पछिको तीन दिनभित्र पुनर्योगको नतिजा प्रकाशन व्यवस्था मिलाउने छ।

## परिच्छेद-आठ
## विविध

**३१. अमर्यादित कार्य गरेमा निष्काशन** आयोगद्वारा सञ्चालित परीक्षामा कुनै उम्मेदवारले अमर्यादित कार्य गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा निजलाई आयोगले सो परीक्षाबाट निष्काशन गर्न सक्नेछ।

**३२. गोप्य रहने**: आयोगले लिने परीक्षासँग सम्बन्धित सबै प्रकारका अभिलेखहरू गोप्य रहनेछन्।

**३३. परीक्षा र विज्ञापन संशोधन तथा रद्ध गर्न सक्ने**: (१) दरबन्दीको विवरण संशोधन भएको वा अन्य माध्यमबाट पदपूर्ति हुने अवस्थामा आयोगले प्रकाशित विज्ञापन संशोधन वा रद्ध गर्न सक्नेछ।

(२) परीक्षा सञ्चालन हुँदाका बखत परीक्षा केन्द्रमा कुनै प्रकारको अनुचित कार्य भएमा, कुनै बाधा अवरोध खडा भएमा वा परीक्षा सञ्चालन हुन नसकेमा आयोगले सो दिनको परीक्षा कारण जनाई रद्ध गर्न सक्नेछ।

(३)कुनै पनि परीक्षामा अनियमितता भएमा आयोगले त्यसको कारण जनाई सोसँग सम्बन्धित विज्ञापन रद्ध गर्न सक्नेछ।

**३४. निरीक्षण तथा अनुगमन**: (१)आयोगका पदाधिकारी र आयोगले तोकेको जनप्रतिनिधि वा कर्मचारीले परीक्षा केन्द्र, उत्तरपुस्तिका परीक्षण केन्द्र, परीक्षासम्बन्धी सामग्रीको निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा आयोगले सुम्पेको जिम्मेवारीअनुरुप कामकारबाही भएको नदेखिएमा सम्बन्धित कर्मचारी तथा विज्ञलाई विभागीय कारबाहीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ।

**३५.भत्ता तथा पारिश्रमिक सम्बन्धी व्यवस्था**: आयोगका पदाधिकारी, सचिव, परीक्षासम्बन्धी काममा खटाइएका विशेषज्ञ तथा कर्मचारी र अनुगमनकर्ताले अनुसूची–५ बमोजिमको भत्ता तथा पारीश्रमिक नगरपालिकाबाट प्राप्त गर्नेछन्।

**३६. खारेजी र बचाउः** (१) मण्डनदेउपुर नगरपालिका स्थानीय शिक्षक सेवा आयोग सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८० खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लेखित कार्यविधि र यो ऐन लागू हुनुभन्दा पहिला विद्यालय शिक्षक छनोट समितिबाट करार शिक्षक तथा कर्मचारी नियुक्तिसम्बन्धी भए गरेका कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ।

**३७. अनुसूचीमा हेरफेर तथा थपघटः** नगर कार्यपालिकाले यस ऐनमा रहेका अनुसूचीहरू हेरफेर तथा थपघट गर्न सक्नेछ।

## अनुसूची-१
## (कार्यविधिको दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**मण्डनदेउपुर नगरपालिका**

**स्थानीय शिक्षक सेवा आयोग**

करार शिक्षक/कर्मचारी पदपूर्ती सम्बन्धी विज्ञापन

मण्डनदेपुर नगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयमा तपसिल बमोजिमका पदमा करार नियुक्तिका लागि सिफाशि गर्नु पर्ने भएकाले तोकिइको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले तोकिएको ढाँचामा दरखास्त दिनुहुन यो विज्ञापन प्रकाशित गरिएको छ।

१. तहः

२. पद/श्रेणी

३. दरबन्दीको विवरण

| क्र. सं. | विज्ञापन नं. | दरबन्दीको प्रकार | दरबन्दी सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | खुला | महिला | दलित महिला | आदिबासी जनजाति | दलित | अपाङ्ग |
| | | साधरण | | | | | | |
| | | राहत अनुदान | | | | | | |
| | | सङ्घीय अनुदान | | | | | | |
| | | प्रदेश अनुदान | | | | | | |
| | | नगर अनुदान | | | | | | |

**४.परीक्षाको किसिमः**

(क) लिखित

(ख) प्रयोगात्मकः आवश्यक भएमा मात्र

(ग) अन्तर्वार्ता

**५ परीक्षा सञ्चालनः**

(क) लिखित(सामान्य)

(ख) लिखित(विषयगत)

(ग) प्रयोगात्मक

(घ) अन्तर्वार्ता

६. परीक्षा केन्द्रः

७. परीक्षा दस्तुर

८.दरखास्त दिने अन्तिम मितिः

९.दोब्बर दस्तुर बुझाइ दरखासत दिने अन्तिम मितिः

१०. उम्मेद्वारको उमेरको हदः

११. दरखास्तको माध्यमः

१२. दरखास्त दस्तुर बुझाउने बैङ्क र खाता नं.

१३. दरखास्त दस्तुर बुझाउने अवधिः

१४. उम्मेद्वारमा हुनुपर्ने न्यूनतम योग्यताः

१५. समावेश गर्नुपर्ने कागजातहरूः

१६. समावेशी तर्फका उम्मेद्वारहरूले पेश गर्नुपर्ने थप कागजातहरू

१७. विज्ञापन सम्बन्धी थप जानकारी

**अनुसूची-२**

**(कार्यविधि १० सँग सम्बन्धित)**

**नगरस्तरीय परिक्षा आवेदन फारम**

हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने तस्विर यहाँ टाँसी तस्विरमा समेत पर्ने गरी उम्मेदवार र अधिकृतले हस्ताक्षर गर्ने

**मण्डनदेउपुर नगरपालिका**

**स्थानीय शिक्षक सेवा आयोग**

**सबै तहका करार शिक्षक/कर्मचारी पदको खुला प्रतियोगितात्मक परीक्षाको दरखास्त फाराम**

परीक्षा दिन चाहेको तह, श्रेणी, समावेशी समूह र विज्ञापन नं.

तहः

| समूह | विज्ञापन नं. | समूह | विज्ञापन नं. |
|---|---|---|---|
| १. खुला | | २. महिला | |
| ३. दलित महिला | | ४. आदिवासी जनजाति | |
| ५.दलित | | ६. अपाङ्गता | |

## १.व्यक्तिगत विवरण

<table>
<tr><td rowspan="4">उम्मेदवारको</td><td rowspan="2">नाम,थर</td><td colspan="3">देवनागरीमाः</td><td rowspan="2">लिङ्गः</td></tr>
<tr><td colspan="3">अङ्ग्रेजी ठूलो अक्षरमाः</td></tr>
<tr><td colspan="2">नागरिकता नं.</td><td>जारी गरेको जिल्ला</td><td></td><td>जारी मितिः</td></tr>
<tr><td colspan="4">स्थायी अध्यापन अनुमित पत्र नं.</td><td>तहः</td></tr>
<tr><td rowspan="2">स्थायी ठेगानाः</td><td>जिल्लाः</td><td colspan="2">प्रदेशः</td><td>गा.पा./न.पा.</td><td>वडा नं.</td></tr>
<tr><td>टोलः</td><td colspan="2">मार्ग/घर नं.</td><td>फोन नं.</td><td>इमेलः</td></tr>
<tr><td colspan="6">पत्रचार गर्ने ठेगानाः</td></tr>
<tr><td colspan="4">बुबाको नाम, थरः</td><td colspan="2">आमाको नाम, थरः</td></tr>
<tr><td colspan="4">बाजेको नाम, थरः</td><td colspan="2">पति/पत्नीको नाम, थरः</td></tr>
<tr><td rowspan="2">जन्म मिति<br>(साल, महिना, गते)</td><td colspan="3">वि.सं.मा</td><td colspan="2">ई.सं.मा</td></tr>
<tr><td colspan="5">दरखास्त दिने अन्तिम उमेरसम्मको उमेरः वर्षः महिनाः<br>दिनः</td></tr>
</table>

२. न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण(सम्बन्धित तहको लागि आवश्यक पर्ने शैक्षिक योग्यता मात्र उल्लेख गर्ने)

| क्र. सं. | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण गरेको | | | कुल प्राप्ताङ्क | प्रतिशत | मुख्य विषयहरू |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | |
| | | | | | | | |
| | | | | | | | |

३.दश महिना वा सोभन्दा माथिकोल तालिमको विवरण

| क्र. सं | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिमको नाम | विषय | परीक्षा उत्तीर्ण गरेको ल वि.सं./ई.सं. | श्रेणी | प्रतिशत | तालिमको अवधि | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | देखि | सम्म |
| | | | | | | | | |
| | | | | | | | | |

४. शिक्षक पदको खुला परीक्षाको लागि राजस्व (परीक्षा दस्तुरबापतको रकम रु...........।–. (बैँक भौचर बैङ्क नम्बर..........मा मिति..............दाखिला गरेको सक्कल भौचर र दरखास्त फारमसाथ संलग्न कागजातहरूको प्रतिलिपिमा सक्कल बमोजिम नक्कल ठिक छ भनी दस्तखत गरी थान .............. यसै साथ पेस गरेको छु ।

५. यस दरखस्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरू सत्य छन् । उम्मेदवारका लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती शर्तहरू पालना गर्न मञ्जुर गर्दछु । लेखिएका विवरण झुट्ठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला। साथै स्थानीय शिक्षक सेवा आयोग कार्यविधिको दफा ११ बमोजिम उम्मेदवार हुन अयोग्य नभएको व्यहोरासमेत अनुरोध गर्दछु ।

ल्याप्चे सहिछाप

| दाँया | बाँया |
|---|---|
| | |

उम्मेदवारको दस्तखतः

मितिः

## लिखित परीक्षाका लागि दरखास्त फाराम स्वीकृत गर्दा जाँच गर्नुपर्ने रुजुसूची

| दरखास्त फाराम सम्बन्धी विवरण ठीक भएमा (✓) चिह्न लगाउनुहोस्। | छ |
|---|---|
| १. परीक्षा दस्तुर बुझाएको राजस्व भौचरको सक्कल प्रति | |
| २. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | |
| ३.सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यताको ट्रान्स्क्रिप्ट र चारीत्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (वैदेशिक प्रमाणपत्रको हकमा समक्षताको प्रतिलिपिसमेत) | |
| ४. स्थायी अध्यापन अनुमति प्रमाण पत्रको प्रमाणित प्रतिलिपि | |
| ५. शिक्षा विषयमा कम्तीमा १० महिने तालिम वा शिक्षा शास्त्र विषयमा आइ.एड.,बि. एड.,एम. एड. पूरा गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि | |
| ६. समावेशी समूह हो भनी प्राप्त प्रमाण पत्रको प्रमाणित फोटोकपि (समावेशी समूहको लागि) | |
| ७. अपाङ्गता समबन्धी प्राप्त प्रमाण पत्रको प्रमाणित फोटोकपि (अपाङगता भएका उम्मेद्वारको लागि) | |
| ८. कार्यारत शिक्षकको हकमा नियुक्ति र सेवा अवधि प्रमाणित गरिएका कागजातहरूको प्रमाणित प्रतिलिपि | |

यस वि.नं.............तह ................विषय ....................मा उम्मेदवार शिक्षक/कर्मचारी पदको खुला प्रतियोगितात्मक लिखित परीक्षामा सहभागी हुन योग्य भएकोले यो दरखास्त स्वीकृत गरी निजलाई प्रवेश पत्र दिइएको छ।

| | |
|---|---|
| ................................................ | .......................................................... |
| (रुजु गने कर्मचारीको दस्तखत) | (स्वीकृत गर्ने अधिकृतको दस्तखत) |
| नाम,थरः.................... | नाम,थरः.................... |
| पदः...................... | पदः...................... |
| मितिः............ | मितिः............ |

कार्यालयको छाप

**मण्डनदेउपुर नगरपालिका**

**स्थानीय शिक्षक सेवा आयोग**

**करार शिक्षक/कर्मचारी पदको खुला प्रतियोगितात्मक परीक्षा**

**प्रवेश पत्र**

हालसालै खिचेको पासपोर्ट साइजको पूरै मुखाकृति देखिने तस्विर यहाँ टाँसी तस्विरमा समेत पर्ने गरी उम्मेदवार र अधिकृतले हस्ताक्षर गर्ने

**परीक्षार्थीले भर्नुपर्ने**

(क) उम्मेदवारको नाम, थरः

(ख) तह र श्रेणी

| | | | | | |
|---|---|---|---|---|---|
| (ग) विज्ञापन नं. | | | | | |
| (घ) समावेशी समूह<br>(उल्लेख गर्ने) | | | | | |

ङ) परीक्षा दिने विषयः

(च) स्थायी ठेगाना

(छ) कार्यरत शिक्षकको हकमा कार्यरत विद्यालय

(ज) परीक्षार्थीको दस्तखतः

**दरखस्त दर्ता गर्ने  कर्मचारीले भर्नेः**

यस आयोगबाट मिति ..................... मा लिइने खुला प्रतियोगितात्मक परीक्षामा तपाईलाई आयोगले तोकेको केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो प्रवेश पत्र रद्ध हुनेछ । परीक्षा केन्द्रपछि तोकिनेछ ।)

................................

परीक्षा केन्द्रः रोल नः अधिकृतको दस्तखत

**परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरू**

क) परीक्षाथार्थीले परीक्षा भवनमा परीक्षा दिन आउँदाा प्रवेश पत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।

ख) परीक्षा हलमा मोबाइल फोन लैजान पाइने छैन ।

ग) लिखित परीक्षा उत्तीर्ण हुनेले अन्तर्वार्ता हुने दिनमा प्रवेशपत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

घ) दरखास्त फाराममा लेखिएको तह, श्रेणी र विषयको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनुपर्नेछ।

ङ) परीक्षार्थीले वस्तुगत परीक्षाको लागि दिइएको निर्देशनबमोजिम उत्तरपानामा तोकिएका अक्षरहरू (क), (ख), (ग), (घ) मात्र लेख्नु पर्नेछ। विषयगत परीक्षाका लागि उत्तर दिन खण्ड (क) र खण्ड (ख) का छुट्टाछुट्टै उत्तरपुस्तिकाहरू प्रयोग गर्नुपर्नेछ र परीक्षार्थीले कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

च) उत्तर पुस्तिकामा नाम थर, रोल नम्बर आदि विवरण लेखेको कभरपेजको ठीक पछाडिको पृष्ठमा उत्तर लेख्नु हुँदैन।

छ) आयोगले तोकेको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाइने छैन।

ज) वस्तुगत परीक्षा दिँदा तोकिएको स्थानमा प्रश्नको सङ्केत नम्बर अनिवार्य रुपमा लेख्नु पर्नेछ। अन्यथा परीक्षा रद्ध हुनेछ।

झ) परीक्षामा सिसाकलम प्रयोग गर्न पाइने छैन। सो प्रयोग गरेको पाइएमा परीक्षा रद्ध हुनेछ।

ञ) परीक्षा सुरु हुनुभन्दा ३० मिनेट अगाडि जनाउ घण्टीले सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्नु पर्नेछ।

ट) परीक्षा सुरु भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षा हलमा पवेश गर्न दिइने छैन।

ठ) परीक्षा सुरु भएको एक घण्टा व्यतित नभएसम्म परीक्षा भवनबाट बाहिर जान पाइने छैन।

ड) परीक्षा भवनमा किताब, कापी, कागज, चिट आदि लैजान पाइने छैन। परीक्षार्थीले परीक्षार्थीले आपसमा कुराकानी र सङ्केत गर्न पाइने छैन।

ढ) आफूलाई चिनाउने कुनै सङ्केत, फोन नं., मोबाइल नं. आदि उत्तरपुस्तिकामा लेख्न पाइने छैन। लेखेमा परीक्षा रद्ध हुनेछ।

ण) परीक्षा भवनमा अनुचित काम गरेमा प्रचलित कानुन तथा आयोगको कार्यविधि र प्रचलित ऐन नियम अनुसार कारवाही हुनेछ।

त) सरुवा रोग लागेका परीक्षार्थीले परीक्षा सुरु हुनु अगावै केन्द्राध्याक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थीको पहिचान गरी परीक्षा दिन लगाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

थ) आयोगको प्रकाशित विज्ञापन वा सूचनामा उल्लिखित कार्यक्रमअनुसार परीक्षा हुनेछ।

## अनुसूची-३

## (कार्यविधिको दफा १२ सँग सम्बन्धित)

## शुल्कसम्बन्धी विवरण

| क्र.सं. | शीर्षक | विवरण | रकम |
|---|---|---|---|
| १ | परीक्षा शुल्क | माध्यमिक तह | रु. १५०० |
| | | निम्न माध्यमिक तह | रु. १२०० |
| | | प्राथमिक तह | रु.१००० |
| | | बाल विकास सहजकर्ता | रु.७०० |
| | | विद्यालय कर्मचारी | रु.७०० |
| | | कार्यालय सहयोगी | रु.५०० |
| | | समावेशीको लागि प्रति कोटा थप | रु.५०० |
| २ | पुनर्योग | परीक्षाको नतिजामा चित्त नबुझेमा | प्रति विषय रु.५०० |
| ३ | प्रवेशपत्र प्रतिलिपि | प्रवेशपत्र हराएर प्रतिलिपि लिन परेमा(प्रत्येक पटक) | रु. २०० |

## अनुसूची– ४

## (कार्यविधिको दफा २५ को उपदफा (२)सँग सम्बन्धित)

## मण्डनदेउपुर नगरपालिका

## स्थानीय शिक्षक सेवा आयोग

## करार शिक्षक/कर्मचारी परीक्षाको अन्तर्वार्ता फाराम

तहः पदः विषयः मितिः

| क्र. सं. | उम्मेदवादकनाम | ठेगाना | अनुभव र शैक्षिक योग्यता | | | | अन्तर्वार्ता | | | | | | कुल (२५) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुभव (५) | न्यूनतम शैक्षिक योग्यता (३) | माथिल्लो शैक्षिक योग्यता (२) जम्मा | जम्मा १० | व्यक्तित्व (३) | विषयवस्तुको ज्ञान (३) | तार्किक क्षमता (३) | निर्णय क्षमता (३) | प्रस्तुतीकरण (३) | जम्मा १५ | अङ्कमा | अक्षरमा |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

मूल्याङकनकर्ताको नामः पदः हस्ताक्षर

# मण्डनदेउपुर नगरपालिका
## स्थानीय शिक्षक सेवा आयोग

### करार शिक्षक/कर्मचारी परीक्षाको अन्तर्वार्ता समष्टीगत फाराम

तहः पदः विषयः मितिः

| क्र. सं. | उम्मेवारको नाम | ठेगाना | अनुभव र शैक्षिक योग्यता | | | | अन्तर्वार्ता | | | | | जम्मा | औसत प्राप्ताङ्क | अक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुभव (५) | न्यूनतम शैक्षिय योग्यता (३) | माथिल्लो शैक्षिक योग्यताको (२) | जम्मा | मूल्याङकनकर्ता -१ | मूल्याङकनकर्ता -१ | मूल्याङकनकर्ता -१ | मूल्याङकनकर्ता -१ | मूल्याङकनकर्ता -१ | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

मूल्याङ्कनकर्ता १ नामः पदः हस्ताक्षरः

मूल्याङ्कनकर्ता २ नामः पदः हस्ताक्षरः

मूल्याङ्कनकर्ता ३ नामः पदः हस्ताक्षरः

मूल्याङ्कनकर्ता ४ नामः पदः हस्ताक्षरः

मूल्याङ्कनकर्ता ५ नामः पदः हस्ताक्षर

**मण्डनदेउपुर नगरपालिका**

**स्थानीय शिक्षक सेवा आयोग**

## करार शिक्षक/कर्मचारी परीक्षाको समष्टीगत अङ्क विवरण(अन्तिम नतिजा) फाराम

तहः पदः विषयः मितिः

| क्र.सं. | उम्मेदवरको नाम | रोल नं. | प्राप्ताङ्क विवरण | | | | | नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | वस्तुगत (१००) ५०% | विषयगत (१००) | अन्तर्वार्ता (२५) | जम्मा (१७५) | | | |
| | | | | | | अङ्कमा | अक्षरमा | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मूल्याङ्कनकर्ता १ नामः पदः हस्ताक्षरः

मूल्याङ्कनकर्ता २ नामः पदः हस्ताक्षरः

मूल्याङ्कनकर्ता ३ नामः पदः हस्ताक्षरः

मूल्याङ्कनकर्ता ४ नामः पदः हस्ताक्षरः

मूल्याङ्कनकर्ता ५ नामः पदः हस्ता

# अनुसूची– ५
## (कार्यविधिको दफा ३५सँग सम्बन्धित)
## भत्ता तथा पारीश्रमिकसम्बन्धी व्यवस्था

| क्र.स. | शीर्षक | विवरण | रकम |
|---|---|---|---|
| १ | बैठक भत्ता | (क) आयोगका पदाधिकारीहरूको बैठक भत्ता (सचिव र आमन्त्रितको समेत) | प्रति बैठक रु. १५०० |
| | | ख) आयोग तथा नगरपालिकाबाट गठित समिति तथा कार्यदल | प्रति बैठक रु. १००० |
| २ | प्रश्न निर्माण | वस्तुगत(माध्यमकि तह) | प्रति सेट प्रश्नपत्र रू. ३००० |
| | | वस्तुगत(आधारभूत तह र अन्य*) | प्रति सेट प्रश्नपत्र रू. २५०० |
| | | विषयगत(माध्यमिक तह) | प्रति सेट प्रश्नपत्र रू. १५०० |
| | | विषयगत(आधारभूत तह र अन्य*) | प्रति सेट प्रश्पत्र रू.१२०० |
| | | मोडेरेसन(वस्तुगत) | प्रति सेट प्रश्पत्र रू.१००० |
| | | मोडेरेसन(विषयगत) | प्रति सेट प्रश्पत्र रू.१००० |
| | उत्तरपुस्तिका कोडिङ तथा डिकोडिङ र परीक्षण पारीश्रमिक | उत्तरपुस्तिका कोडिङ | प्रति उत्तरपुस्तिका रू.१ |
| | | उत्तरपुस्तिका डिकोडिङ | प्रति उत्तरपुस्तिका रू.१ |
| | | वस्तुगत पुस्तिका परीक्षण | प्रति उत्तरपुस्तिका रू.१० |
| | | विषयगत पुस्तिका परीक्षण(माध्यमकि तह) | प्रति उत्तरपुस्तिका रू. ५० |
| | | विषयगत पुस्तिका परीक्षण(आधारभूत तह र अन्य*) | प्रति उत्तरपुस्तिका रू. ४५ |
| | | उत्तरपुस्तिका सम्परीक्षण(वस्तुगत) | प्रति उत्तरपुस्तिका रू.२ |
| | | उत्तरपुस्तिका सम्परीक्षण (विषयगत) | प्रति उत्तरपुस्तिका रू.५ |
| ३ | प्राप्ताङ्क प्रविष्टीकरण | उम्मेदवारले परीक्षामा प्राप्त गरेको अङ्क प्रविष्ट गरेको (सबै प्रकारको परीक्षा) | प्रति उम्मेद्वार रु.२० |
| ४ | केन्द्राध्याक्ष पारिश्रमिक | परीक्षा केन्द्रमा खटाइएको केन्द्राध्यक्षको लागि | प्रति दिन रू.१२०० |
| ५ | निरीक्षकको पारिश्रमिक | परीक्षा केन्द्रमा खटाइएको निरीक्षकको लागि | प्रति दिन प्रति निरीक्षक रू.१००० |
| ६ | परीक्षाको काममा खटिने कर्मचारी | अधिकृत स्तर | रु.१००० |
| | | सहायक स्तर | रु.७०० |
| | | सहयोगीस्तर | रू.५०० |
| ७ | अनुगमन भत्ता | अनुगमनकर्ताको लागि | प्रति दिन प्रति अनुगमनकर्ता रू.१००० |
| ८ | यातायात खर्च | आयोगका पदाधिकारी, विषय विज्ञ, कर्मचारी आदिलाई परीक्षाको काममा अन्यत्रबाट नगरपालिकामा बोलाउँदा र नगरपालिकाबाट अन्यत्र पठाउँदा | १० कि.मि. सम्म प्रति दिन रु. ५००, २० कि.मि.सम्म १००० र २० कि.मि. भन्दा बढी रु. १५०० |
| ९ | खाना/खाजा | परीक्षासम्बन्धी बैठक बस्दा र अन्य काम गर्दा खाना | प्रतिदिन रू. १५०<br>प्रतिछाक ३५० |

**८. बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी**

- वस्तुगतमा ५० र विषयगतमा १० ओटा भन्दा कम उत्तर पुस्तिका भएमा न्यूनतम पारिश्रमिक रु. ५०० हुनेछ।

**आज्ञाले,**

**(डा.लोकबहादुर लोप्चन)**
**प्रमुख प्रशासकीय अधिकृत**

***मुल्य रु. १५ मात्र***